# कांँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक








❒ वर्ष : २६ ❒ अंक : २२ ❒ शुक्रवार, २३ असोज, २०८३ ❒ Friday, 9 Oct 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रू. १०


# दश वर्षमा हराए कर्णालीका चार हजारभन्दा बढी बालबालिका


❒ चाँदनी कठायत


सुर्खेत, २२ असोज

हुम्लाका सुगन्ध (नाम परिवर्तित) पाँच वर्षका थिए। परिवारको आर्थिक अवस्था कमजोर थियो। सदरमुकाम सिमकोटमा दाउरा बेचेर परिवारको गुजारा चल्थ्यो। त्यही अभाव देखेर एक व्यक्तिले काठमाडौं लगेर निःशुल्क बोर्डिङमा पढाउने र राम्रो भविष्य बनाइदिने आश्वासन दिएपछि उनकी आमाले सुगन्धलाई अपरिचित व्यक्तिको साथ लगाएर पठाइन्। काठमाडौंको बालगृहमा पुगेपछि भने उनले राम्रो खाना र लत्ताकपडासमेत नपाउने, साँघुरो ठाउँमा धेरै बालबालिकासँग बस्नुपर्ने र हिंसा सहनुपर्ने अवस्था भोगे।

१३ वर्षको उमेरसम्म बालगृहमा बसेका उनले मातृभाषासमेत बिर्सिए। १२ वर्षपछि घर फर्किँदा आफ्नै आमालाई समेत चिन्न सकेनन्। 'दाउरा बेचेर छाक टार्ने मेरी आमालाई कुनै व्यक्तिले पढाइदिने प्रलोभनमा पारेपछि म आफ्नै परिवारसँग अलग भएँ। परिवारबाट अलग भएपछिका कष्टकर दिनहरु मैले कसरी बिताएँ, त्यहाँबाट निस्किसकेपछि परिवारसँग पुनर्मिलन हुन मैले गर्नुपरेको संघर्षको कथा सुनाएर साध्यै छैन,' सुगन्धले भने।

सुगन्धको कथा कर्णालीका आर्थिक रुपमा कमजोर परिवारका बालबालिकालाई शिक्षा र राम्रो भविष्यको प्रलोभनमा परिवारबाट टाढा पुर्‍याउँदा निम्तिन सक्ने जोखिमको एउटा उदाहरण हो। २६.६९ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको कर्णालीका बालबालिकाको सुन्दर भविष्यको आशमा परिवारले अपरिचित व्यक्तिको जिम्मामा उनीहरुलाई लगाइरहेका छन्। नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ अनुसार कर्णालीको गरिबी दर राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा ६.४२ प्रतिशत बिन्दुले बढी हो।

सुगन्ध त हराएर वर्षौंपछि भेटिए तर कर्णालीका कर्णालीका १० जिल्लाबाट आर्थिक वर्ष २०७३/७४ देखि २०८२/८३ सम्म ४ हजार ७५ बालबालिका अँझै हराइरहेका छन्। तीमध्ये २ हजार ४ सय १८ बालिक छन्। अर्थात् हराउने बालबालिकामा बालिकाको संख्या ५९.३ प्रतिशत छ। बालकको संख्या १ हजार ६ सय ५७ रहेको कर्णाली प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

बालबालिका हराउने क्रम पछिल्ला वर्षमा बढ्दै गएको तथ्यांकले देखाउँछ कार्यालयका प्रवक्ता एवम् एसएसपी सन्तोषसिंह राठौरका अनुसार आर्थिक वर्ष ०७३/७४ मा २ सय ८७ जना हराएका थिए। त्यसपछि आव ०७४/७५ मा ३ सय २३, आव ०७५/७६ मा ३ सय ७४, ०७६/७७ मा २ सय ७१, ०७७/७८ मा ३ सय ९, ०७८/७९ मा ४ सय ११, ०७९/८० मा ४ सय १४, ०८०/८१ मा ५ सय ३, ०८१/८२ मा ५ सय ५६ हुँदै ०८२/८३ मा ६ सय २७ पुगेको उनको भनाइ छ।

पछिल्लो आर्थिक वर्षमा मात्रै हराएका ६ सय २७ बालबालिकामध्ये ४ सय ३० बालिका र १ सय ९७ बालक छन्।

जिल्लागत रुपमा सुर्खेतमा सबैभन्दा धेरै ३ सय २३ जना बालबालिका हराएका छन्। त्यसपछि दैलेखमा ६६, रुकुम पश्चिममा ५७, हुम्लामा ५५, जाजरकोटमा २९, डोल्पामा २७, सल्यान र जुम्लामा २१/२१, मुगुमा १८ र कालिकोटमा १० जना छन्। सोही दस वर्षको अवधिमा ४ हजार ७१ बालबालिका फेला परेको सरकारी विवरण छ। तर यो संख्या सोही अवधिमा हराएका बालबालिकाहरु फेला परेका भन्न

बाँकी पृष्ठ २




## प्रलोभनमा पारेर लैजाने क्रम रोकिएको छैन

बालबालिकालाई परिवारबाट अलग पारेर लैजाने क्रम रोकिएको छैन। २०८१ जेठमा हुम्ला र मुगुका २८ बालबालिकालाई काठमाडौंको बलम्बुस्थित बौद्ध विहारमा पढाइदिने भन्दै लैजान खोजिएको अवस्थामा प्रहरीले वीरेन्द्रनगरको तीनकुनेबाट नियन्त्रणमा लिएको थियो। तीमध्ये १६ बालिका र १२ बालक थिए।

प्रारम्भिक अनुसन्धानमा आर्थिक तथा सामाजिक रुपमा कमजोर परिवारका बालबालिकालाई राम्रो विद्यालयमा पढाइदिने आश्वासन दिएर परिवारकै सहमतिमा काठमाडौं लैजान खोजिएको प्रहरीले बतायो। कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी सन्तोषसिंह राठौरका अनुसार बालबालिका हराउने घटनामा परिवारको कमजोर आर्थिक अवस्था, शिक्षा र रोजगारीको खोजी, पारिवारिक विछोड तथा सहरमा राम्रो भविष्य बनाइदिने आश्वासनजस्ता पक्षलाई छुट्टाछुट्टै हेर्नुपर्ने देखिन्छ।

हिमाली नवीन समाजका कार्यकारी निर्देशक धनबहादुर लामा बालबालिका हराउने घटनालाई उनीहरू आफैं घरबाट भागेको घटनाका

बाँकी पृष्ठ २

## अभिभावकबाट टाढा रहेका २५ हजार भन्दा बढी बालबालिका

कर्णालीमा बालबालिका परिवारबाट टाढा रहने समस्या हराएका बालबालिकाको तथ्यांकमा मात्रै सीमित छैन। हालै सार्वजनिक कर्णालीका बालबालिकासम्बन्धी विवरणअनुसार प्रदेशमा २५ हजार ३ सय ६३ बालबालिका अभिभावकदेखि टाढा छन्। त्यस्तै कर्णालीमा ४८ हजार ७१ अर्थात् ७.१ प्रतिशत बालबालिका विद्यालयको पहुँचबाहिर रहेको सामाजिक विकास मन्त्रालयको तथ्यांक छ। गरिबी, अभिभावकको लापरवाही, अभिभावक गुमाउनु, विद्यालय टाढा हुनु तथा अभिभावक मजदुरीका लागि भारत जाँदा बालबालिकालाई समेत लैजानुलगायत कारणले बालबालिका विद्यालयबाट बाहिर रहेको मन्त्रालयले जनाएको छ।

बालबालिका खोजतलास, उद्धार र परिवारमा पुनर्मिलनका लागि नेपाल सरकारले निःशुल्क १०४ बालबालिका खोजतलास सेवा सञ्चालन गरिरहेको छ। कर्णालीमा वीरेन्द्रनगरबाट यो सेवा सञ्चालनमा छ। हराएका तथा अपहरणमा परेका बालबालिकाको खोजी, बेवारिसे फेला परेका बालबालिकाको परिवार खोजी तथा पुनर्मिलन र जोखिममा रहेका बालबालिकाको उद्धार तथा संरक्षण यसको जिम्मेवारीमा पर्छ। तर सुगन्ध र परीको अनुभवले देखाएको प्रश्न खोजी र उद्धारपछि पनि बाँकी रहन्छ।

# श्रमिकलाई अनिवार्य चाडपर्व खर्च दिन विभागको निर्देशन


❒ कांँक्रेविहार संवाददाता


काठमाडौं, २२ असोज

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले श्रमिकहरूलाई अनिवार्य रूपमा ' चाडपर्व खर्च' उपलब्ध गराउन सबै रोजगारदाता तथा प्रतिष्ठानहरूलाई निर्देशन दिएको छ।



विभागले आज विज्ञप्ति जारी गर्दै उक्त ध्यानाकर्षण गराइएको हो। 'श्रम ऐन, २०७४ को दफा ३७' बमोजिम प्रचलित धर्म, संस्कृति तथा परम्पराअनुसार मनाइने चाडपर्वका लागि प्रत्येक श्रमिकले खाइपाइ आएको 'एक महिनाको आधारभूत पारिश्रमिक बराबरको रकम' प्रत्येक वर्ष चाडपर्व खर्चका रूपमा पाउने कानुनी व्यवस्था रहेको छ।

विभागका उप-महानिर्देशक विपिन राजभण्डारीद्वारा जारी विज्ञप्तिमा यदि रोजगारदाता वा प्रतिष्ठानले उक्त सुविधा उपलब्ध नगराएमा सुविधा नपाउने श्रमिक वा कामदारले आफ्नो कार्यक्षेत्र पर्ने 'श्रम तथा रोजगार कार्यालय' वा 'श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग' मा उजुरी तथा निवेदन दिन सक्ने पनि उल्लेख गरिएको छ।

# विद्युत महसुलको डिजिटल भुक्तानीमा थप सहुलियत दिने प्राधिकरणको निर्णय




❒ कांँक्रेविहार संवाददाता


काठमाडौं, २२ असोज

ऊर्जा मन्त्री विराजभक्त श्रेष्ठको पहलमा नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल भुक्तानीमा डिजिटल माध्यमको प्रयोग बढाउन गर्ने घरेलु ग्राहकलाई थप सहुलियत दिने भएको छ।

प्राधिकरण सञ्चालक समितिको बैठकले अनलाइनबाट महसुल तिर्ने घरेलु ग्राहकलाई पहिलो चरणमा ६ महिनासम्म थप ०.५० प्रतिशत स्मार्ट 'पे रि वार्ड' उपलब्ध गराउने निर्णय गरेको हो।

मिटर रिडिङ भएको दिनदेखि सात दिनभित्र महसुल भुक्तानी गर्दा दिँदै आएको २ प्रतिशत छुट कायम राख्दै थप अवधिको छुट दिने निर्णय भएको मन्त्रालयले जनाएको छ।

त्यसबाहेक अनलाइन माध्यमबाट

बाँकी पृष्ठ ४

# प्रधानमन्त्री शाहको निर्देशनपछि आन्तरिक वायुसेवा कम्पनीहरू भाडादर घटाउन सहमत


❒ कांँक्रेविहार संवाददाता


काठमाडौं, २२ असोज

आन्तरिक वायुसेवा कम्पनीहरू हवाई भाडा घटाउन सहमत भएका छन्। प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशन र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल (गनेश)को सक्रियतापछि आन्तरिक वायुसेवा कम्पनीहरू स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्रीवितरण गर्न सहमत भएका हुन् ।नजिकिँदो चाडपर्वको मौका छोपेर हवाई भाडादर बढाएको भन्ने गुनासो आएपछि प्रधानमन्त्री शाहले यसबारे चासो देखाएका थिए। त्यसपछि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले बिहीवार सम्बन्धित आन्तरिक वायुसेवा कम्पनीका पदाधिकारी तथा प्रतिनिधिसँग छलफल गरेको हो ।उक्त छलफलपछि स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्रीवितरण गर्ने/गराउने विषयमा वायुसेवा कम्पनीहरू सहमत भएको क्यानले जनाएको छ।



क्यानका महानिर्देशक मुकेश डंगोलका अनुसार स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्रीवितरण गर्ने र सो भाडादरबारे सूचना सम्बन्धित कम्पनीको बिक्रीवितरण प्लेटफर्ममा प्रकाशन गर्ने सहमति भएको छ।

सम्पादकीय

# शान्तीपुर्ण चाडपर्व सबैको साझा जिम्मेवारी

चाडपर्व नजिकिँदै गर्दा सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन कर्णाली प्रदेश प्रहरीले ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गर्ने तयारी गरेको छ । भीडभाड बढ्ने, सवारीसाधनको चाप बढ्ने, बजारमा आर्थिक कारोबार बढ्ने र विभिन्न किसिमका आपराधिक गतिविधिको जोखिमसमेत बढ्न सक्ने भएकाले सुरक्षा निकायको सक्रियता आवश्यक छ । प्रहरीले गरेको तयारी स्वागतयोग्य छ । तर चाडपर्वलाई सुरक्षित र मर्यादित बनाउन प्रहरीको मात्रै प्रयास पर्याप्त हुँदैन । सुरक्षा भनेको प्रहरी सडकमा खटिनु मात्रै होइन । नागरिकले आफ्नो जिम्मेवारी बुझ्नु पनि सुरक्षा व्यवस्थाकै महत्वपूर्ण पक्ष हो । चाडपर्वका बेला सार्वजनिक सवारीमा अत्यधिक यात्रु राख्ने, जथाभावी सवारी चलाउने, मादक पदार्थ सेवन गरेर सवारी चलाउने, जथाभावी पार्किङ गर्ने तथा ट्राफिक नियम उल्लंघन गर्ने प्रवृत्तिले दुर्घटनाको जोखिम बढाउँछ । यस्तो अवस्थामा नियम पालना गराउने जिम्मेवारी प्रहरीको हो भने नियम पालना गर्ने दायित्व नागरिकको पनि हो ।

त्यस्तै बजार व्यवस्थापनमा पनि सबै पक्ष जिम्मेवार बन्नुपर्छ । चाडपर्वलाई अवसर बनाएर कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य बढाउने, म्याद गुज्रिएका वस्तु बिक्री गर्ने वा उपभोक्तालाई ठगी गर्ने प्रवृत्तिविरुद्ध सम्बन्धित निकायले नियमित अनुगमन गर्नुपर्छ । व्यवसायीले पनि नाफा कमाउने नाममा उपभोक्ताको अधिकारमाथि खेलबाड गर्नु हुँदैन । उपभोक्ताले समेत आफू ठगिएको वा अनियमितता भएको थाहा पाए सम्बन्धित निकायमा खबर गर्नुपर्छ । स्थानीय तह, जिल्ला प्रशासन, प्रहरी, ट्राफिक प्रहरी, यातायात व्यवसायी, बजार व्यवस्थापन समिति, स्वास्थ्य संस्था, सञ्चारमाध्यम र नागरिक समाजबीचको समन्वयले चाडपर्वको सुरक्षा अझ प्रभावकारी बनाउन सक्छ । विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा एक्लै यात्रा गर्ने नागरिकको सुरक्षामा सबै पक्ष संवेदनशील हुन आवश्यक छ ।

चाडपर्व खुसी साट्ने समय हो, जोखिम निम्त्याउने समय होइन । त्यसैले सुरक्षाको सम्पूर्ण जिम्मेवारी प्रहरीको काँधमा थोपरेर हामी उम्किन सक्दैनौँ । प्रहरीले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्नुपर्छ, प्रशासनले समन्वय र अनुगमन बढाउनुपर्छ, व्यवसायीले जिम्मेवार व्यवहार गर्नुपर्छ र नागरिकले पनि नियम तथा अनुशासन पालना गर्नुपर्छ । सुरक्षित चाडपर्व सरकार वा सुरक्षा निकायले मात्रै बनाउने होइन, समाजका सबै पक्षको सामूहिक प्रयासले बनाउने हो । त्यसैले यसपटकको चाडपर्वमा सुरक्षा निकाय र नागरिकबीचको दूरी होइन, सहकार्य बढाऔँ । सबैले आ–आफ्नो जिम्मेवारी पूरा गर्दै हातेमालो गरौँ र चाडपर्वलाई सुरक्षित, सभ्य र उल्लासमय बनाऔँ ।

# नेपाली सेना : गौरवको इतिहासदेखि जनविश्वासको प्रश्नसम्म



✍ बाबुराम भट्टराई

**एक सचेत नागरिकको दृष्टिकोण**

म रक्षा विज्ञ होइन । सैनिक रणनीति र राष्ट्रिय सुरक्षाका जटिल विषयको विशेषज्ञ पनि होइन । तर म एउटा नेपाली नागरिक हुँ । नागरिकको हैसियतले देशको सेना कस्तो हुनुपर्छ भन्ने प्रश्न गर्ने अधिकार र जिम्मेवारी भने अवश्य राख्छु । मेरो बुझाइमा सेना कुनै व्यक्ति, दल वा सरकारको निजी शक्ति होइन । सेना राष्ट्रको सार्वभौमसत्ता स्वतन्त्रता, भौगोलिक अखण्डता र राष्ट्रिय सुरक्षाको संरक्षक संस्था हो । त्यसैले नेपाली सेनाको इतिहासप्रति गर्व गर्दै आज यसको भूमिका, जबाफदेहिता र भविष्यबारे प्रश्न गर्नु सेना विरोधी सोच होइन, सेनालाई अझ बढी बलियो, व्यावसायिक र सम्मानित संस्था बनाउने नागरिक चासो हो ।

**गौरवपूर्ण इतिहास र त्यसका पाठ**

नेपालको सैन्य इतिहास साहस र वीरताले भरिएको छ । राष्ट्र निर्माणको अभियानदेखि नेपाल अङ्ग्रेज युद्धसम्म नेपाली सैनिकले असाधारण साहस प्रदर्शन गरेका छन् । कर्णेल उजिर सिंह थापाको नेतृत्वमा बुटवल- जितगढी क्षेत्रमा भएको प्रतिरोध नेपाली सैनिक इतिहासको उल्लेखनीय अध्याय हो । गोर्खाली सैनिकको बहादुरीले नेपालको नाम अन्तर्राष्ट्रिय सैनिक इतिहासमा समेत स्थापना गऱ्यो । तर इतिहासका गौरवपूर्ण पानासँगै केही कठिन पाठ पनि छन् । नेपालको राजनीतिक इतिहासमा सेना, दरबार र सत्ताबिचको सम्बन्ध सधैँ सहज र संस्थागत रहेन । कोतपर्व र भण्डारखाल पर्वदेखि राणा शासनको उदयसम्म राज्य शक्ति र सैनिक शक्तिको सम्बन्धले नेपालको राजनीतिमा दीर्घकालीन प्रभाव परेको देखिन्छ । त्यसैले इतिहासले हामीलाई एउटा महत्त्वपूर्ण शिक्षा दिन्छ सेना शक्तिशाली हुनुपर्छ, तर त्यो शक्ति राजनीतिक सत्ता प्राप्त गर्न वा कुनै व्यक्ति समूहको हित पूरा गर्ने माध्यम बन्नु हुँदैन ।

**लोकतन्त्रमा सेनाको स्थान कहाँ हो ?**

नेपालको वर्तमान संविधानले नेपाली सेनाको उद्देश्य स्पष्ट गरेको छ । संविधानको धारा २६७ ले सेनालाई नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रियता एकताको रक्षाका लागि संविधानप्रति प्रतिबद्ध संस्था मानेको छ । राष्ट्रपति सेनाको परमाधिपति हुने व्यवस्था छ र संविधानले तोकेको प्रक्रियाबाट मात्र सेना परिचालन गर्न सकिने व्यवस्था पनि गरेको छ ।

त्यसैगरी सैनिक ऐन २०६३ को प्रस्तावनामै नेपाली सेनालाई नेपाली जनताप्रति उत्तरदायी बनाउने उद्देश्य उल्लेख छ । यसले एउटा महत्त्वपूर्ण प्रश्न जन्माउँछ- जब सेना जनताप्रति उत्तरदायी संस्था हो भने जनताले सेनाको बजेट, परिचालन, प्राथमिकतालाई क्षमता र निर्णय प्रक्रियाबारे प्रश्न गर्न पाउने कि नपाउने ?

मेरो विचारमा पाउनु पर्छ । रक्षा बजेटमा प्रश्न उठाउनु सेनाको मनोबल गिराउनु होइन । राष्ट्रिय सुरक्षाको नाममा राज्यले ठूलो रकम खर्च गर्छ भने त्यसको उद्देश्य प्राथमिकता र उपलब्धि बारे संसद् र नागरिक समाजले प्रश्न गर्नु लोकतन्त्रको सामान्य अभ्यास हो ।

जेनजी आन्दोलनपछि उठेका नयाँ प्रश्न भाद्र २०८२ (२०२५ सेप्टेम्बर) मा भएको जेनजी आन्दोलन र त्यसपछिका घटनाले नेपाली सेनाको भूमिका बारे थप गम्भीर बहस जन्माएको छ । आन्दोलनको दोस्रो दिन संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति कार्यालय लगायतका महत्त्वपूर्ण राज्य संरचनामा आगजनी तथा तोडफोड भयो । निजी घर, व्यवसाय र सञ्चार संस्था समेत प्रभावित भए । त्यस समयमा नेपाली सेनाको भूमिका किन प्रभावकारी रूपमा देखिएन भन्ने प्रश्न विभिन्न क्षेत्रबाट उठ्यो । नेपाली सेनाले पछि सार्वजनिक वक्तव्यमार्फत आफूले परिस्थितिको वस्तुगत मूल्याङ्कन गरी आवश्यक पहल गरेको स्पष्टीकरण दिएको थियो ।

तर यहाँ महत्त्वपूर्ण कुराहरू- स्पष्टीकरण आउनु र जनताले पूर्ण रूपमा विश्वस्त हुनु एउटै कुरा होइन ।

सेनाको स्पष्टीकरणलाई अस्वीकार गर्नु पनि उचित हुँदैन, तर त्यसले उठेका सबै प्रश्नको अन्तिम उत्तर दिएको मान्नुपर्छ आवश्यक छैन । महत्त्वपूर्ण प्रश्नहरू अझै सार्वजनिक बहसमा छन् त्यस्तो असाधारण अवस्थामा निर्णय प्रक्रिया के थियो ? राज्यका महत्त्वपूर्ण संरचनाको सुरक्षा कसरी व्यवस्थापन गरिएको थियो ? सेना परिचालनको कमान्ड र समन्वय कसरी भयो ? र सङ्कटपछि राजनीतिक सङ्क्रमणको प्रक्रियामा सेनाको भूमिका कहाँसम्म हुनु उपयुक्त थियो ?

२०२६ सेप्टेम्बरमा प्रकाशित एक विस्तृत अनुसन्धानले आन्दोलनपछिका केही दिनमा राजनीतिक तथा प्रशासनिक छलफलको केन्द्र क्रमशः नेपाली सेनाको मुख्यालयतर्फ सरेको र सरकार गठन सम्बन्धी प्रक्रियामा समेत सेनाको भूमिका देखिएको विषय उठाएको छ । यी विवरणका आधारमा सेनाले राजनीतिक हस्तक्षेप नै गऱ्यो भन्ने निष्कर्ष निकाल्न हतार गर्नु हुँदैन । असाधारण परिस्थितिमा राज्यका सुरक्षा निकायले शान्ति सुरक्षा कायम गर्न भूमिका खेल्नु स्वाभाविक हुन्छ । तर लोकतान्त्रिक व्यवस्थामा सेनाको भूमिका जति संवेदनशील हुन्छ, त्यति नै त्यसको संवैधानिक सीमा र निर्णय प्रक्रियाको स्पष्टता आवश्यकता हुन्छ । यही भूमिकाका कारण अहिले विभिन्न राजनीतिक नियुक्तिमा नियुक्ति पाउनेहरूलाई सेनासँग जोडेर हेर्ने गरिएको छ ।

त्यसरी लाभका पदमा भएका राजनीतिक नियुक्तिहरू सँग सेनासँग जोडिएर भएका चर्चा असत्य होस् भन्ने चाहना जनस्तरमा छ । तर सिस्नाले पोल्यो मन मन पो भएको छ कि भने त्रास पनि छ । त्यसैले आज प्रश्न सेनालाई कमजोर बनाउने होइन, जनताको विश्वास कसरी अझ बलियो बनाउने भन्ने हो ।

के नेपाली सेना आफ्नो मूल जिम्मेवारीमा प्रयाप्त केन्द्रित छ ? नेपाली सेनाले संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना मिसनमा लामो समयदेखि महत्त्वपूर्ण योगदान दिँदै आएको छ । विपद् व्यवस्थापन, उद्धार तथा केही विकास निर्माणका काममा पनि सेनाको सहभागिता रहँदै आएको छ । यी कामका लागि नेपाली सेनाको प्रशंसा गर्नुपर्छ । तर राष्ट्रिय सेनाको मूल्याङ्कन केवल शान्ति सेनामा उत्कृष्ट प्रदर्शन विपद्, उद्धार वा विकास निर्माणमा सहभागिताबाट मात्र हुनु हुँदैन । आधुनिक राष्ट्रिय सेनाको मुख्य प्रश्न हो- राष्ट्रिय सुरक्षा चुनौती सामना गर्ने क्षमता कस्तो छ ?

साइबर सुरक्षा, सूचना प्रविधि, आधुनिक हतियार प्रणाली, सीमा सुरक्षा, रणनीतिक सूचना, अन्तर्राष्ट्रिय सुरक्षा वातावरण र सम्भावित बाह्य तथा आन्तरिक सुरक्षा चुनौती सामना गर्न नेपाली सेनाको तयारी कस्तो छ ? यस विषयमा पनि सार्वजनिक रूपमा प्रयाप्त बहस हुनु आवश्यक छ ।

**जन विश्वास कसरी बढाउने ?**

नेपाली सेनाप्रति जनताको विश्वास बढाउन केही आधारभूत सुधार आवश्यक देखिन्छ । पहिलो संवैधानिक नागरिक नियन्त्रण । सेना निर्वाचित नागरिक सरकार र संविधानप्रति पूर्ण रूपमा उत्तरदायी हुनुपर्छ । राजनीतिक दलहरूले पनि सेनालाई आफ्नो दलगत स्वार्थका लागि प्रयोग गर्ने प्रयास गर्नु हुँदैन । दोस्रो- रक्षा बजेट प्रभावकारी संसदीय निगरानी राष्ट्रिय सुरक्षाका संवेदनशील विषय गोप्य राख्नुपर्ने ठाउँ हुन्छ । तर गोपनीयताको नाममा आवश्यक वित्तीय तथा संस्थागत निगरानी कमजोर हुनु हुँदैन । तेस्रो- सङ्कटका बेला निर्णय प्रक्रियाको जबाफदेहिता !

चौथो-राजनीतिक निरपेक्षता : सेनाको नेतृत्व कुनै राजनीतिक दल वा नेतासँगको निकटता वा दुरीबाट होइन, संविधान र राष्ट्रिय हितबाट निर्देशित हुनुपर्छ ।

पाँचौं- आधुनिक सैन्य क्षमता : UN शान्ति मिसनमा राम्रो प्रदर्शन महत्त्वपूर्ण छ । तर आफ्नै देशको राष्ट्रिय सुरक्षाका लागि आधुनिक प्रविधि, साइबर क्षमता, गुप्तचर क्षमता, रणनीतिक तयारी र आवश्यकप्रति रक्षामा लगानी अझ महत्त्वपूर्ण छ । छैठौँ- जनतासँग संवाद । सेनाले सबै सैन्य विवरण सार्वजनिक गर्न सक्दैन मिल्दैन । तर जनतामा गम्भीर प्रश्न उत्पन्न भएका बेला तथ्यपरक र समयमै जानकारी दिने संस्थागत प्रणाली बलियो हुनुपर्छ ।

**राजनीतिक दल र सेना**

आज राजनीतिक दलहरू र सेनाबीचको सम्बन्ध बारे पनि बहस हुन थालेको छ । हालै एउटा प्रमुख राजनीतिक दलको केन्द्रीय बैठकमा समेत पार्टी र सेनाबीचको सम्बन्ध बारे प्रश्न उठेको सार्वजनिक चर्चामा आएको छ । यो प्रश्नलाई दलगत दृष्टिकोणबाट हेर्नुभन्दा लोकतान्त्रिक संस्थागत दृष्टिकोणबाट हेर्नु आवश्यक छ । राजनीतिक दलले सेनालाई नियन्त्रण गर्ने होइन, संविधानले निर्धारण गरेको नागरिक नियन्त्रणको व्यवस्था कायम गर्न हो । सेना पनि राजनीतिक दलसँग दुरी राख्ने नाममा लोकतान्त्रिक सरकारभन्दा माथिको संस्था बन्नु हुँदैन । दुवै पक्षको सीमा स्पष्ट हुनु नै लोकतन्त्रको सुरक्षा हो ।

**सेनाको सम्मान कसरी बढ्छ ?**

नेपाली सेनाप्रति नेपाली नागरिकको सम्मान कम हुनु कसैको हितमा छैन । सेना राष्ट्रको महत्त्वपूर्ण संस्था हो । तर संस्थाको सम्मान केवल इतिहासका गौरवगाथाले मात्र टिक्दैन । सम्मान वर्तमान व्यवहारबाट पनि निर्माण हुन्छ । पारदर्शिता, व्यावसायिकता, अनुसन्धान संवैधानिक मर्यादा, राजनीतिक निरपेक्षता, आधुनिक सुरक्षा क्षमता र जनउत्तरदायित्वले सेनाको प्रतिष्ठा बढाउँछन् । त्यसैले सेनामाथि प्रश्न उठ्दा त्यसलाई सेना विरोधी आवाज भनेर पन्छाउनु भन्दा जनताले किन यस्तो प्रश्न गरे ? भनेर आत्मसमीक्षा गर्नु अझ उपयोगी हुन्छ ।

**अन्त्यमा**

म फेरी दोहोऱ्याउँछु-म रक्षा विज्ञ होइन, सैनिक रणनीतिको जानकार पनि होइन । तर एउटा नेपाली नागरिकका रूपमा मलाई यस्तो सेना चाहिन्छ, जसलाई देश सङ्कटमा पर्दा जनताले ढुक्क भएर भरोसा गर्न सकुन । मलाई यस्तो सेना चाहिन्छ, जसले न कुनै राजनीतिक दलको पक्ष लिगोस, न कुनै नेताको स्वार्थ पुरा गरोस्, जसको निष्ठा संविधान, राष्ट्र र नेपाली जनताप्रति होस् । सेनालाई कमजोर बनाउनै होइन, अझ सक्षम, आधुनिक व्यावसायिक र जबाफदेही बनाउने बहस आजको आवश्यकता हो । जेनजी आन्दोलनपछिका घटनाले उठाएका प्रश्नको अन्तरिम फैसला आरोप प्रत्यारोपबाट होइन, निष्पक्ष छानबिन, तथ्य संस्थागत समीक्षा र पारदर्शिताबाट हुनुपर्छ । किनकि जनताको सेनाप्रतिको सम्मान अन्धविश्वासबाट होइन विश्वासबाट निर्माण हुन्छ । र विश्वास मागेर होइन जबाफदेही व्यवहारबाट कमाइन्छ । राष्ट्रको सेना बलियो होस्, तर त्यो शक्ति संविधानको सीमाभित्र जनताको विश्वासमा र राष्ट्रको हितमा केन्द्रित होस् यही एउटा सचेत नागरिकको अपेक्षा हो । धन्यवाद !

## दश...

नमिल्ने राठौरको भनाइ छ । 'वर्षौंदेखि हराएका बालबालिका भेटिएका पनि छन्,' उनले भने, 'सबै सोही अवधिमा हराएकाहरु भेटिएका हुन् भनेर ठ्याक्कै भन्न सकिँदैन ।'

जुम्लाकी परी सात वर्षकी थिइन्, जब दुई बहिनीसहित उनलाई काठमाडौंको बालगृह पठाइयो । एउटा बालगृहबाट अर्को बालगृह हुँदै उनले आफ्नो बाल्यकाल बिताइन् ।

१७ वर्षको उमेरमा मात्रै घर फर्किएकी परीले परिवारमा हुर्किएका बालबालिकाले सहज रुपमा सिकेका धेरै कुरा आफूले सिक्न नपाएको अनुभव सुनाउँछिन् ।

बालगृहमा रहँदा हिन्दू धर्म र संस्कृतिसँग परिचित भएकी परी इसाई परिवारमा फर्किएपछि परिवारसँगको सम्बन्धमा समेत चुनौती आयो । परिवार र आफन्तसँग गर्ने सामान्य सांस्कृतिक व्यवहारदेखि सार्वजनिक ठाउँमा आफ्नो अधिकारका लागि बोल्नेसम्मका कुरा उनलाई असहज लागे । 'सार्वजनिक गाडीमा सहचालकले बढी पैसा लिँदा पनि बोल्ने हिम्मत ममा छैन । परिवार र आफन्तलाई सांस्कृतिक रुपमा गर्नुपर्ने व्यवहार गर्न पनि गाह्रो हुन्छ, किनकि मैले यी व्यवहार बालगृहमा सिक्न पाइनँ, उनले भनिन् ।'

सानै उमेरमा परिवारबाट अलग भएर संस्थागत हेरचाहमा हुर्किँदा त्यसको असर बाल्यकालमा मात्रै सीमित नहुने उनको अनुभव छ । दैनिक जीवनका सामान्य व्यवहार, सामाजिक सम्बन्ध र मानसिक स्वास्थ्यसम्म त्यसको असर पर्ने उनले बताइन् ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

## प्रलोभनमा...

रुपमा मात्रै बुझ्नु गलत भएको बताउँछन् । विशेषगरी कर्णालीका आर्थिक रुपमा कमजोर परिवारका बालबालिकालाई राम्रो शिक्षा र भविष्यको आश्वासन दिएर अन्यत्र लैजाने घटना रहेको उनले बताए । उनका अनुसार कर्णालीबाट बालबालिकालाई काठमाडौं, ललितपुर, भक्तपुर, चितवन र कास्कीलगायत जिल्लामा लैजाने गरिएको पाइएको छ । कतिपय अवस्थामा नक्कली कागजात प्रयोग भएको समेत भेटिएको उनले बताए ।

'यस्तो विछोडले बालबालिका र परिवारबीचको भावनात्मक सम्बन्ध कमजोर हुन्छ,' लामाले भने, 'जन्मदर्ता र नागरिकता बनाउन समस्या हुने, बालबालिकाको पहिचान हराउने, हेला, शोषण र दुर्व्यवहारको जोखिम बढ्ने तथा आफ्नो रीतिरिवाज, धर्म, परम्परा र संस्कृतिबाट विच्छेद हुने समस्या देखिन्छ ।'

हिमाली नवीन समाजले हालसम्म करिब १ हजार १ सय ५० बालबालिकाको उद्धार गरेको र तीमध्ये करिब ६० प्रतिशत कर्णालीका रहेको लामाले बताए । उनका अनुसार हुम्ला, मुगु र सुर्खेतबाट धेरै बालबालिका उद्धार भएका छन् । लामो समय परिवारबाट अलग भएका बालबालिकालाई पुनः परिवारमा फर्काएपछि पनि सामाजिक र पारिवारिक रूपमा घुलमिल गराउन चुनौती हुने गरेको उनको अनुभव छ ।

# त्रिविका ९५ हजार ५४० विद्यार्थी दिक्षित हुँदै



❑ कांक्रेविहार संवाददाता
काठमाडौं, २२ असोज
त्रिभुवन विश्वविद्यालयले चालु शैक्षिक वर्षमा स्नातकदेखि विद्यावारिधिसम्मका ९५ हजार ५४० विद्यार्थीलाई दीक्षित गर्ने भएको छ।

बिहीवार त्रिभुवन विश्वविद्यालयको ६७ औं वार्षिक दिवस बैठकले ६४ औं ग्रेस लिस्ट पारित गर्दै उक्त संख्याका विद्यार्थीलाई दिक्षान्त समारोहमा सहभागी गराउने निर्णय गरेको हो।

त्रिविका रजिस्ट्रार रविन्द्र शिवाकोटीले प्रस्तुत गरेको विवरणअनुसार २०८२ असार १ गतेदेखि २०८३ असार मसान्तसम्म ट्रान्सक्रिप्ट लिएका विद्यार्थीलाई ६४औं ग्रेस लिस्टमा समावेश गरिएको छ।

ग्रेस लिस्टमा परेका विद्यार्थी मध्ये ८४ दशमलव ९० प्रतिशत साधारण र १५ दशमलव १० प्रतिशत प्राविधिकतर्फका रहेका छन्।

ग्रेस लिस्टअनुसार एमफिलतर्फ २५३, पोस्ट ग्राजुएट डिप्लोमातर्फ १८४ र विद्यावारिधितर्फ १६६ विद्यार्थी रहेका छन्।

संकाय तथा अध्ययन संस्थानतर्फ व्यवस्थापन संकायका सबैभन्दा धेरै ४३ हजार १४२, शिक्षाशास्त्रमा १० हजार ५३३, मानविकी तथा सामाजिकशास्त्रमा १५ हजार ४४१ र कानुनमा ३ हजार १ विद्यार्थी रहेका छन्।

विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा ६ हजार ६८८, इन्जिनियरिङ अध्ययन संस्थानमा ५ हजार १६०, चिकित्साशास्त्र अध्ययन संस्थानमा १ हजार ९२०, कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा ४६३ र वन विज्ञान अध्ययन संस्थानमा १९२ विद्यार्थी रहेको रजिस्टार शिवोकोटीले जानकारी दिए।

विश्वविद्यालयले आगामी पुसमा काठमाडौंमा मूल दिक्षान्त समारोह आयोजना गर्ने तयारी गरिरहेको समेत उनले जानकारी दिए। यस वर्षदेखि विद्यार्थीको सहजताका लागि सातै प्रदेशमा दीक्षान्त समारोह सञ्चालन गरिनेछ।

# मंसिर पहिलो हप्ता राष्ट्रिय भेला गर्ने एमालेको निर्णय



❑ कांक्रेविहार संवाददाता
काठमाडौं, २२ असोज
नेकपा एमाले मंसिर पहिलो हप्ता राष्ट्रिय भेला गर्ने निर्णय गरेको छ। आज बसेको स्थायी कमिटी बैठकले भेला गर्ने निर्णय गरिएको उपमहासचिव लेखराज भट्टले बताए।

उनका अनुसार भेलामा पार्टीका प्रदेश पदाधिकारी, जिल्ला पदाधिकारी, पालिकाका अध्यक्ष, उपाध्यक्ष र जनप्रतिनिधिसहित सङ्घ, प्रदेश, पालिकाका जनप्रतिनिधि उपस्थित हुनेछन्।

मंसिर २६ गते वडा र पुस ४ गते पालिका अधिवेशन गर्ने निर्णय भएको पनि बताए। नगर र वडा अधिवेशनपछि प्रदेशस्तरीय भेला गर्ने निर्णय भएको बताए।

खाली रहेका १३ वटा जिल्लामा अध्यक्षको स्थानीय कमिटीले नै निर्माण गरेर माथिल्लो कमिटीलाई अनुमोदन गराई कार्यान्वयनमा लैजाने निर्णय भएको पनि बताए।

# नाना पाटेकरको भाइरल हाँसोः जुन इन्टरनेटमा सधैं जीवित रहनेछ

❑ कांक्रेविहार संवाददाता
काठमाडौं, २२ असोज
कहिलेकाहीँ कुनै फिल्मको मामूली दृश्य पनि कालजयी हुन पुग्दो रहेछ। फिल्म सकिन्छ। कलाकार बूढा हुन्छन्। पात्रहरू बिर्सिइन्छन्। तर केही सेकेन्डको दृश्य भने इन्टरनेटको दुनियाँमा नयाँ-नयाँ अर्थ बोकेर बारम्बार जन्मिरहन्छ।



नाना पाटेकरको भिडिओ क्लीप त्यस्तै एउटा दृश्य हो। हातमा चियाको कप। अनुहारमा बेपरवाह भाव। अनि अर्को क्षण पेट मिचिने गरी हाँसो।

आज भने सामाजिक सञ्जालमा क्लीपले धेरैलाई भावुक बनाउने छ। कारण नानापाटेकर अब यो संसारमा रहेनन्। उनको हृदयघातका कारण असामयीक निधन भएको छ। तर यो क्लीप भने इन्टरनेट रहेसम्म सायद मर्ने छैन।

फिल्ममा उदय शेट्टी, इन्टरनेटमा 'रियाक्सन'

२००७ मा प्रदर्शनमा आएको अनीस बज्मी निर्देशित 'वेलकम' मा नाना पाटेकरले उदय शेट्टी नामका डनको भूमिका निर्वाह गरेका थिए। उनीसँग अनिल कपुरको 'मज्नु भाइ' को जोडीले फिल्मलाई हास्यको अलग उचाइ दिएको थियो।

उदय शेट्टी वास्तवमा गम्भीर चरित्र होइन, आफूलाई गम्भीर ठान्ने तर परिस्थितिले पटक-पटक हास्यास्पद बनाइदिने पात्र हो।

नाना पाटेकरको अभिनयको खासियत यही थियो- उनी हास्नका लागि अभिनय गरिरहेका देखिँदैनन्, तर उनलाई हेर्दा दर्शक हाँस्न बाध्य हुन्छन्। त्यही कारण 'वेलकम' का अनेक दृश्य आज पनि मिमका सामग्री बनेका छन्। 'कन्ट्रोल उदय', 'आलु ले लो', 'भगवानका दिया सबकुछ है' लगायतका दृश्य र संवाद सामाजिक सञ्जालमा निरन्तर दोहोरिइरहेका हुन्छन्।

तर चियाको कप समातेको यो दृश्यको आफ्नै यात्रा छ। एक दृश्य, अने अर्थ कसैले यो तस्वीरमा 'दूलो खबर सुनेपछि' नाना पाटेकरको हाँसो जोडिदिन्छ। कसैले 'बिहानदेखि काम नगरी बसिरहेको साथी' सँग मिलाउँछ। कसैले प्रेमिकाले छोडेपछि पनि साथीहरूसँग हाँसिरहेको अवस्थाको प्रतीक बनाउँछ। कसैले राजनीतिक व्यंग्यमा प्रयोग गर्छ। कसैले कुनै हास्यास्पद समाचारमा राख्छ।

# बिहीवार स्थगित कांग्रेसको निर्वाचन आज

❑ कांक्रेविहार संवाददाता
काठमाडौं, २२ असोज
नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत नेतृत्व चयनका लागि बिहीवार हुने भनिएको मतदान स्थगित भएको छ।

केन्द्रीय निर्वाचन समितिले निर्वाचन सामग्री प्रेसबाट आउन ढिलाइ भएकाले निर्धारित समयमा मतदान सुरु गर्न नसकिएको जनाएको छ।



यसअघि बिहान १० बजेका लागि तय गरिएको मतदान तीनपटक समय सार्दै दिउँसो साढे २ बजेसम्मका लागि तोकिएको थियो। तर, त्यसपछि पनि मतदान सुरु हुन सकेन।

बिहीबार मतदान हुन नसकेपछि निर्वाचन समितिले शुक्रबारका लागि नयाँ समय निर्धारण गरेको छ।

निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काका अनुसार शुक्रबार बिहान ७ बजेदेखि मतदान सुरु हुनेछ।

# वर्षाका कारण काटेर सुकाएको धानमा क्षति

❑ कांक्रेविहार संवाददाता
रूपन्देही, २२ असोज
पछिल्ला केही दिनयता परेको वर्षाका कारण लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा धानबालीमा क्षति पुगेको छ।

विशेष गरी पाक्न लागेको तथा काटेर सुकाउन राखिएको धानमा वर्षाले क्षति पुऱ्याएको किसानहरूले बताएका छन्। प्रदेशका विभिन्न जिल्लामा असोज २०, २१ र २२ गतेसमेत केही स्थानमा वर्षा भएको छ।

वर्षाका कारण प्रदेशमा कति क्षेत्रफलको खेती



प्रभावित भयो भन्ने यकिन विवरण भने आइसकेको छैन। हाल लुम्बिनी प्रदेश कृषि निर्देशनालयले क्षतिको विवरण सङ्कलन गरिरहेको छ।

कृषि निर्देशनालयका निर्देशक रामप्रसाद पाण्डेका अनुसार बर्दिया, बाँके, रुपन्देही र कपिलवस्तु लगायतका जिल्लाबाट धानबालीमा क्षति भएको अनौपचारिक गुनासो आएको छ। 'अहिले तथ्याङ्क सङ्कलनकै क्रममा छौं,' निर्देशक पाण्डेले भने, 'स्थानीय तहले विवरण सङ्कलन गरिरहेका छन्। स्थानीय तहबाट सङ्कलित विवरण जिल्लामा आउने र सबै जिल्लाको विवरण प्राप्त भएपछि प्रदेशले विश्लेषण गर्छ।'

बिहीवार र शुक्रवारसम्ममा क्षतिको विवरण सङ्कलन गर्ने काम पूरा हुने निर्देशनालयले जनाएको छ। त्यसपछि प्रदेश सरकारले वर्षाका कारण भएको कृषि क्षतिको यकिन तथ्याङ्क सार्वजनिक गर्ने तयारी गरेको छ।

# आन्दोलन स्थगित गरी काममा फर्किए चिकित्सक

❑ कांक्रेविहार संवाददाता
सल्यान, २२ असोज
प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्ने माग राख्दै आन्दोलनरत कर्णाली प्रदेशका छात्रवृत्ति करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीले आन्दोलनका सबै कार्यक्रम स्थगित गरी बिहीवारदेखि नियमित सेवामा फर्किएका छन्।

प्रदेश सरकारले विशेष प्रोत्साहन भत्ताका लागि बजेट व्यवस्थापनको प्रक्रिया अघि बढाएपछि तत्कालका लागि आन्दोलन स्थगित गरिएको छात्रवृत्ति करारका चिकित्सक तथा स्वास्थ्यकर्मी संघर्ष समितिले जनाएको छ।

कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले चालु आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा छात्रवृत्ति करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि विशेष प्रोत्साहन भत्तावापत ७० लाख रुपियाँ विनियोजन गरेको जनाएको छ। उक्त बजेट बाँडफाँडका लागि मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयमा पत्र पठाएको छ।

सामाजिक विकास मन्त्रालयले असोज २० गते आर्थिक मामिला तथा योजना मन्त्रालयलाई पठाएको पत्रमा छात्रवृत्तिमा अध्ययन गरी छात्रवृत्ति ऐन तथा निर्देशिकाबमोजिम अनिवार्य सेवा गर्न मन्त्रालय तथा मातहतका निकायमा खटाइएका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई कर्णाली प्रदेशमा सेवा




गरेवापत विशेष प्रोत्साहन भत्ता उपलब्ध गराउन बजेट बाँडफाँड गर्न अनुरोध गरिएको छ।

प्रदेश सरकारले बजेट व्यवस्थापनको प्रक्रिया अघि बढाएपछि आन्दोलन स्थगित गर्ने निर्णय गरिएको संघर्ष समितिका प्रदेश संयोजक डा. विशाल कार्कीले बताए। सरकारको लिखित निर्णय र अघि बढाएको प्रक्रियाप्रति विश्वास गर्दै तत्कालका लागि आन्दोलन स्थगित गरी नियमित सेवामा फर्किएको उनले जानकारी दिए।

जिल्ला अस्पताल सल्यानमा कार्यरत डा. आशिष साहुले पनि सरकारले प्रोत्साहन भत्ताका लागि बजेट व्यवस्थापनको प्रक्रिया अघि बढाएपछि आफूहरू नियमित सेवामा फर्किएको बताए। बिरामीको उपचार तथा स्वास्थ्य सेवा प्रभावित नहोस् भन्ने विषयलाई ध्यानमा राख्दै आन्दोलन स्थगित गरिएको उनले बताए।

कर्णाली प्रदेशमा छात्रवृत्ति करारअन्तर्गत १६९ जना चिकित्सक तथा स्वास्थ्यकर्मी कार्यरत रहेको जनाइएको छ। उनीहरू प्रदेशका विभिन्न स्वास्थ्य संस्थामा सेवा दिँदै आएका छन्।

प्रोत्साहन भत्ताको निरन्तरता, रोकिएको भत्ताको भुक्तानी तथा आवश्यक बजेट व्यवस्थापनको माग राख्दै चिकित्सक तथा स्वास्थ्यकर्मीले असोज १६ गतेदेखि चरणबद्ध आन्दोलन सुरु गरेका थिए। माग सम्बोधनका लागि सम्बन्धित निकायबाट ठोस पहल नभएको भन्दै उनीहरूले आन्दोलन थालेका थिए।

समितिले सरकारले अघि बढाएको बजेट व्यवस्थापन प्रक्रिया कार्यान्वयन नभए पुनः आन्दोलन सुरु गर्ने चेतावनी दिएको छ रोकिएको भत्ताको भुक्तानी, प्रोत्साहन भत्ताको निरन्तरता र आवश्यक बजेटको पूर्ण सुनिश्चितता नभएसम्म माग यथावत् रहने समितिले जनाएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

# दसैं मनाउन घर फर्कंदै स्थानीय

❏ काँक्रेविहार संवाददाता
कालीकोट, २२ असोज

घरखर्च चलाउन नजिकको सहर र भारत पुगेका नेपाली घर फर्किन थालेका छन् । असारको काम सकेर भारतको सिम्लालगायतका ठाउँमा मजदुरी गर्न गएका कालीकोटलगायतका माथिल्लो कर्णालीका स्थानीय घर फर्कन थालेका हुन् । अचेल कर्णाली राजमार्गको खुलालुदेखि माथि जाने सबै गाडी भारतबाट आएका नेपाली मजदुरले भरिभराउ छन् ।



सुर्खेत-कालीकोट गाडी चलाउँदै आएका रासकोट नगरपालिका-१ का गाडीचालक अर्जुनबहादुर बमले अचेल यात्रुसँगै सामानले गर्दा गाडीमा क्षमताभन्दा बढी भार बोक्नु परेको बताए । उनले सुर्खेतदेखि रासकोट आउँदा बोलेरो गाडीमा पाँच जना यात्रु राख्दा उनीहरूका सामानका कारण भार बढी बोक्नु परेको बताए ।

पढ्ने विद्यार्थीको घर फर्कने यात्रा सुरु भएको छैन । अहिले भारतबाट र नेपालका विभिन्न सहरमा व्यापार र मजदुरीका लागि गएका मान्छे घर फर्किने चटारोमा छन् । गाउँ जानेले अहिले गाडी नपाउने समस्या पनि उस्तै छ । पछिल्लो समय ठुला बस चढ्ने यात्रु कम पाइन्छन् । साना जिप, बोलेरोमा मात्र यात्रा गर्ने भएकाले दसैंमा घर जाने यात्रुले गाडी भरिभराउ हुन थालेका छन् । कालीकोटको जितेमा बजार छैन तर विभिन्न गाडीमा जिरो प्वाइन्ट पुगेका यात्रुले अहिले जिते, खुलालु भरिभराउ हुने गरेका छन् । सुर्खेतबाट मान्म कालीकोट, मुगु, हुम्ला, बाजुराको पूर्वी क्षेत्र जाने यात्रु गाडी नपाएर छतदेखि ढोकामा समेत झुन्डिएर जाने गरेका छन् । खुलालुका पंखबहादुर विष्टले एक हप्तादेखि दैनिक गाडीमा क्षमताभन्दा बढी यात्रु आउने गरेको बताए । १० सिटका गाडीमा २० जनाभन्दा बढी आइरहेका छन् ।

## विद्युत...

जुनसुकै समयमा महसुल भुक्तानी गर्ने घरेलु ग्राहकले थप ०.५० प्रतिशत रिवार्ड पाउनेछन् ।

प्राधिकरणको तथ्यांकअनुसार गत असार मसान्तसम्म १ खर्ब १९ अर्ब ८७ करोड विद्युत विद्युत बिक्रीको रकममध्ये अनलाइन माध्यमबाट वार्षिक करिब ४० अर्ब ९९ करोड ४० लाख ८४ हजार महसुल संकलन भएको छ ।

अनलाइनबाट संकलित रकममा करिब ४० प्रतिशत घरेलु र ६० प्रतिशत अन्य वर्गका ग्राहकको योगदान छ ।

भुक्तानी गर्ने घरेलु ग्राहकमा करिब ३३ लाख ५२ हजारले काउन्टरबाट र १२ लाख ५० हजारले अनलाइन माध्यमबाट महसुल तिरेका थिए ।

आर्थिक वर्ष २०८२/८३ को असारसम्म प्राधिकरणका ५९ लाख २७ हजार ४४० ग्राहकमध्ये मासिक औसत करिब १७ लाख ग्राहक अनलाइन प्रणालीमा आबद्ध छन् ।

प्राधिकरणका कुल ग्राहकमा घरेलु वर्गको हिस्सा करिब ९१ प्रतिशत छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/२३**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री अनुप राना** धनी रहेको, **दर्ता नम्बर** २५१४/०७२/०७३ बाट **चिङ्गाड-५ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री न्यू भुटानी पशुपालन तथा कृषि फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको अनुरोध

कुनै सार्वजनिक निकायबाट सेवा लिने क्रममा तपाईंसँग कुनै कर्मचारी वा बिचौलियाले बहाना बनाई गैर कानूनी रूपमा घुस/रिसवत मागेको वा सार्वजनिक निकायहरूमा भ्रष्टाचारजन्य कसूर भएको सूचना/जानकारी भएमा निम्न माध्यमबाट सम्पर्क गर्नुहुन वा उजुरी दिनुहुन अनुरोध गर्दछौं ।

| कार्यालय प्रमुख | चौबिसै घण्टा उपलब्ध हुने मोवाइल नं. | सूचना अधिकारी |
|---|---|---|
| ९८५८०५२६६६ | ९८५८०५३४२२ | ९८५८०७३६६६ |

*इमेल : ciaasurkhet@gmail.com / ciaa.surkhet@ciaa.gov.np*

*भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेत र काँक्रेविहार राष्ट्रिय दैनिक बिचको समझदारीमा ।*

# ५३ चालकको लापसे जाँच गर्दा १५ जनामा पोजेटिभ

❏ काँक्रेविहार संवाददाता
सुर्खेत, २२ असोज

कर्णालीमा पछिल्लो समय लागुऔषध सेवन गरेर सवारी चलाउने चालक पनि भेटिन थालेका छन् । सुरक्षित कर्णाली अभियानअन्तर्गत प्रदेशका १० वटै जिल्लामा शंकास्पद चालकको लागुऔषध सेवन (लापसे) जाँच गर्न थालिएको छ । यस क्रममा लागुऔषध सेवन गरेका चालक भेटिन थालेका हुन् ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतका अनुसार चालु आर्थिक वर्षमा अहिलेसम्म ५३ जना शंकास्पद चालकको लापसे जाँच गर्दा १५ जनाको रिपोर्ट पोजेटिभ आएको छ । कार्यालय प्रमुख



एसपी मुकुन्दप्रसाद रिजालले उनीहरू लागुऔषध सेवन गरेर सवारी चलाइरहेको अवस्थामा भेटिएको बताए ।

उनका अनुसार यात्रुवाहक सवारीसाधनका चालकलाई लक्षित गरी ट्राफिक प्रहरीले लापसे जाँच गर्दै आएको छ । पछिल्लो समय मापसेसँगै लागुऔषध सेवन गरेर पनि सवारी चलाउने गरेको गुनासो आएपछि कार्ययोजना बनाएरै लापसे जाँच अभियान सञ्चालन गरिएको उनले बताए । 'चेक गर्दै जाँदा लापसे गरेका चालक पनि भेटिन थालेका छन् । उनीहरूलाई कारबाहीका लागि सम्बन्धित जिल्लामा पठाउने गरेका छौं,' रिजालले भने । उनका अनुसार लापसे गरेर सवारी चलाउँदा दुर्घटनाको जोखिम बढ्छ ।

चालु आर्थिक वर्षमा अहिलेसम्म कर्णालीमा २ सय ६९ सवारी दुर्घटना भएका छन् । दुर्घटनामा २८ जनाको मृत्यु, १ सय ७९ जना गम्भीर र २ सय ७९ जना सामान्य घाइते भएका छन् । आर्थिक वर्ष २०८२/०८३ मा कर्णालीमा १ हजार १ सय ९७ सवारी दुर्घटना हुँदा १ सय ३५ जनाको मृत्यु भएको थियो । गत वर्ष सडक दुर्घटनामा १ हजार ३५ जना गम्भीर र १ हजार २ सय ७० जना सामान्य घाइते भएका थिए ।

त्यस्तै आर्थिक वर्ष २०८१/०८२ मा ९ सय ६८ सवारी दुर्घटना हुँदा १ सय ३९ जनाको मृत्यु भएको थियो । ७ सय २ जना गम्भीर र १ हजार ३ सय ६ जना सामान्य घाइते भएका थिए । आर्थिक वर्ष २०८०/०८१ मा १ हजार ८६ सवारी दुर्घटना हुँदा १ सय १२ जनाको मृत्यु र २ हजार ७७ जना गम्भीर घाइते भएका कार्यालयको तथ्यांक छ ।












काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोन: ०८३-५९०१११/९८५१३४५७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)